कोशी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
धनकुटा, नेपाल

सेवा करारमा कर्मचारी आवश्यकता सम्बन्धी सूचना
(प्रथम पटक प्रकाशित मितिः २०८३।०५।०४ गते)

स्वास्थ्यकर्मी करार कार्यविधि, २०७९, विद्यालय नर्सिङ्ग सेवा कार्यक्रम संचालन कार्यविधि, २०७६ (संशोधन २०८१) र ग्लोबल फण्ड कार्यक्रम सञ्चालनका लागि कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८३, सुरक्षित आप्रवासन (SaMi) कार्यक्रम (चौथो चरण) संचालन मार्गदर्शन, २०८१ बमोजिम कर्मचारी व्यवस्थापन सम्बन्धी यस निर्देशनालय र अन्तर्गतका स्वास्थ्य संस्था तथा कोशी प्रदेश भित्रका सरकारी विद्यालयहरूमा स्वास्थ्यकर्मी/कर्मचारी तपशिलमा उल्लेखित पद/तहहरू **करार सेवामा लिखित तथा अन्तर्वार्ता परीक्षाको माध्यमद्वारा पदपूर्ति** गर्नुपर्ने भएकोले देहाय बमोजिमका पदमा न्यूनतम शैक्षिक योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूले तोकिएको अवधिभित्र यस निर्देशनालयमा कार्यालय समयभित्र राजस्व तिरेको रसिद सहित दरखास्त दिनुहुन अनुरोध छ ।

क्र.सं.	विज्ञापन नं.	पद	तह	सेवा/समूह	पद संख्या	शैक्षिक योग्यता
१	०१-२०८३।०८४	मेडिकल अधिकृत	अधिकृतस्तर आठौं	स्वास्थ्य/ ज.हे.स	१३	मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा MBBS वा सो सरह उपाधि प्राप्त गरेको
२	०२-२०८३।०८४	फिजियोथेरापिष्ट	अधिकृतस्तर सातौं	स्वास्थ्य/ फिजियोथेरापी	३	मान्यता प्राप्त शिक्षण संस्थाबाट फिजियोथेरापी विषयमा स्नातक उत्तीर्ण
३	०३-२०८३।०८४	मेडिकल ल्याब टेक्नोलोजिष्ट	अधिकृतस्तर सातौं	स्वास्थ्य/ मे.ल्या.टे.	२	मान्यता प्राप्त शिक्षण संस्थाबाट मेडिकल ल्याब टेक्नोलोजी विषयमा स्नातक उत्तीर्ण
४	०४-२०८३।०८४	अस्पताल व्यवस्थापक	अधिकृतस्तर सातौं	स्वास्थ्य/ विविध	१	मान्यता प्राप्त शिक्षण संस्थाबाट अस्पताल व्यवस्थापन विषयमा स्नातक तह उत्तीर्ण
५	०५-२०८३।०८४	विद्यालय नर्स संयोजक	अधिकृतस्तर सातौं	स्वास्थ्य/ क.नर्सिङ	१	नर्सिङ्ग विषयमा स्नातक तह वा सो सरह उतिर्ण भई नेपाल नर्सिङ्ग परिषदबाट दर्ता गरेको हुनु पर्नेछ।
६	०६-२०८३।०८४	मनोसामाजिक परामर्श अधिकृत	अधिकृतस्तर सातौं	नेपाल शिक्षा सेवा/ परीक्षण तथा मूल्यांकन	१	मान्यताप्राप्त विश्वविद्यालयबाट परामर्श मनोविज्ञान (Psychology/Counseling Psychology/Clinical Psychology) विषयमा कम्तिमा स्नातक तह उत्तीर्ण गरेको वा मान्यता प्राप्त विश्वविद्यालयबाट Post Graduate Diploma (PGD) in Counseling उत्तीर्ण गरेको वा स्वास्थ्य विज्ञानमा स्नातक तह उत्तीर्ण गरी मान्यताप्राप्त संस्थाबाट ६ महिने मनोसामाजिक परामर्श तालिम प्राप्त गरेको
७	०७-२०८३।०८४	सर्भिलेन्स मेडिकल अधिकृत	अधिकृतस्तर आठौं	स्वास्थ्य/ ज.हे.स	१	MBBS (Masters Preferred)
८	०८-२०८३।०८४	आइ.टि. अधिकृत	अधिकृतस्तर सातौं	विविध/ इन्जिनियरिङ	१	आई.टी. ईन्जिनियरको लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्युटर विज्ञान विषयमा स्नातक वा सो सरह उत्तीर्ण गरेको
९	०९-२०८३।०८४	वायोमेडिकल इन्जिनियर	अधिकृतस्तर सातौं	स्वास्थ्य/विविध	१	मान्यताप्राप्त शिक्षण संस्थाबाट वायोमेडिकल इन्जिनियरिङमेडिकल इलेकेट्रोनिक इन्जिनियरिङ विषयमा स्नातक तहको उपाधि प्राप्त गरी नेपाल इन्जिनियरिङ परिषदमा नाम दर्ता तथा नवीकरण भएको।
१०	१०-२०८३।०८४	विद्यालय नर्स	सहायक पाँचौं	स्वास्थ्य/ज. नर्सिङ्ग	४३	मान्यता प्राप्त शिक्षण संस्थाबाट जनरल नर्सिङ्ग प्रमाणपत्र तह उत्तीर्ण

१) **उम्मेदवार छनौट प्रकृया** : न्यूनतम शैक्षिक योग्यता, तालिम, अनुभवको प्रमाण पत्र, स्थानीयता र समुदाय विशेषका आधारमा मूल्यांकन गरी छनौट गरिनेछ ।

२) **सेवाको किसिम** : करार

३) **परीक्षा दस्तुर** : सातौं र आठौं तहका पदको लागि रु.१२००।-(एक हजार दुई सय मात्र) (सर्भिलेन्स मेडिकल अधिकृतको हकमा दस्तुर लाग्ने छैन) पाँचौ तहको लागि रु.४००।०० (चार सय मात्र) ।

४) **दरखास्त दस्तुर बुझाउने** : राजश्व संकेत नम्बर १४२२४, कार्यलय कोड नम्बर ३७००१०६०३१ ।

५) **दरखास्त फाराम बुझाउने अन्तिम मिति** : मिति २०८३/०५/१८ गते कार्यालय समयभित्र/(सर्भिलेन्स मेडिकल अधिकृतको २०८३।०५।१० गते सम्म)

६) **दरखास्त बुझाउने स्थान** : स्वास्थ्य निर्देशनालय, धनकुटा ।

७) **तलब तथा सेवा सुविधा** : प्रदेश सरकारले सम्बन्धित पद तथा तहको लागि तोकेको न्यूनतम तलब स्केल ।

८) **उम्मेदवारको उमेरको हद** :

(क) स्वास्थ्य सेवा तर्फको दरखास्त दिने अन्तिम मिति सम्ममा २१ वर्ष उमेर पुरा भई ४५ वर्ष ननाघेको र सर्भिलेन्स मेडिकल अधिकृतको हकमा १८ वर्ष उमेरपुरा भई ५५ वर्ष ननाघेको ।

(ख) मनोसामाजिक परामर्श अधिकृत पदको लागि दरखास्त दिने अन्तिम मिति सम्ममा २१ वर्ष उमेरपुरा भई ३५ वर्ष ननाघेको र महिलाको हकमा ४० वर्ष ननाघेको

९) **करार सेवाको अवधि** : २०८४ साल असार मसान्तसम्म ।

१०) **दरखास्त फाराम प्राप्त गर्ने स्थान** : स्वास्थ्य निर्देशनालय, धनकुटा वा वेबसाइट hd.koshi.gov.np बाट उपलब्ध हुनेछ ।

११) **दरखास्त साथ संलग्न गर्नुपर्ने कागजातहरु** :

- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी
- न्यूनतम शैक्षिक योग्यताको ट्रान्सक्रिप्ट तथा चारित्रिक प्रमाणपत्रको प्रतिलिपी
- प्रचलित कानून बमोजिम काउन्सिलको दर्ता प्रमाणपत्रको प्रतिलिपी (नवीकरण भएको)
- तालिम तथा कार्य अनुभवको प्रमाणपत्रको प्रतिलिपी
- नेपाल बाहेक अन्य मुलुकबाट हासिल गरेको शैक्षिक योग्यता भएमा सोको साथमा त्रिभुवन विश्वविद्यालयबाट समकक्षता निर्धारण गरेको प्रमाणपत्रको प्रतिलिपी समेत पेश गर्नुपर्ने छ ।

१२) लोक सेवा आयोगबाट सम्बन्धित पदको लागि तोकिएको पाठ्यक्रम ।

१३) तोकिएको आवश्यक न्यूनतम शैक्षिक योग्यता नभएको दरखास्त उपर कुनै कारवाही हुने छैन । साथै झुट्टा विवरण उल्लेख गरी दरखास्त फाराम भरेमा सोको जवाफदेही दरखास्तवाला स्वयम हुनु पर्नेछ ।

१४) आवेदन स्वीकृत/अस्वीकृत गर्ने तथा विज्ञापन रद्द गर्ने सम्पूर्ण अधिकार स्वास्थ्य निर्देशनालय, धनकुटालाई हुनेछ ।

१५) विज्ञापन सम्बन्धी थप जानकारीका लागि स्वास्थ्य निर्देशनालय, धनकुटाको वेबसाइट hd.koshi.gov.np मा हुर्न र फोन नं.०२६-५२२५०८ मा सम्पर्क गर्न सकिनेछ ।

प्रमुख